## बैठक नं. ६३

आज मिति २०७६ फाल्गुन ०४ गते आईतबार दिउँसो १२:३० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद धिमिरे | |
| २३ | आमन्त्रित,सू.प्र.अ | श्री परशुराम चौलागाई | |
| २४ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

**निर्णय -१**

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगरकार्यपालिकामा पेश भएका तपशिलका ऐन, कार्यविधि एंव मापदण्डहरु उपर छलफल गरी स्वीकृतका लागि आगामी छैठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(क) कीर्तिपुर नगरपालिकाको आर्थिक ऐन, २०७६ को संशोधन
(ख) कीर्तिपुर नगरपालिकाको विनियोजन ऐन, २०७६ को संशोधन
(ग) कीर्तिपुर नगरपालिकाको शिक्षा ऐन, २०७६ को संशोधन
(घ) कीर्तिपुर नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ को संशोधन
(ङ) कीर्तिपुर नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७६ को संशोधन

**निर्णय २**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ बमोजिम देहाय बमोजिमका २ वटा समितिहरु गठन गर्नका लागि छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१. लेखा समिति
२. सुशासन समिति

**निर्णय ३**

नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष, २०२० लाई सफल पार्ने उद्शयले आगामी २०७७ साल बैशाख १६ गतेदेखि २० गते सम्म यस नगरक्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र मौलिक पहिचान झल्कने गरी पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ **"कीर्तिपुर महोत्सव २०२०"** आयोजना गर्ने र सो.को समुद्रघाटन समारोहको प्रमुख अतिथ्यताका लागि सम्माननीय उप-राष्ट्रपति नन्द बहादुर पूनज्यूलाई हार्दिक आमन्त्रण गर्ने साथै उक्त कार्यक्रमलाई भव्यताकासाथ सफल पार्नका लागि नगर प्रमुख श्री रमेश महर्जनको संयोजकत्वमा यस नगरपालिकाका सबै जनप्रतिनिधिहरु, सरोकारवाला एंव सर्वपक्षिय प्रातिनिधित्व रहने गरी १५१ सदस्यीय **"कीर्तिपुर महोत्सव मूल समारोह समिति२०२०"** गठन गरी नगर महोत्सव आयोजना गरी भव्यता साथ सम्पन्न गर्नका लागि प्रस्ताव पारित गर्नका लागि छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय -४**

हालसम्म यस नगर कार्यपालिका, नगर प्रमुख र नगर कार्यपालिका कार्यालयबाट भएका निर्णयहरु अनुमोदनका लागि आगामी छैठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय- ५**

यस नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिले, सेवा शुल्क, कर दस्तुर, संशोधित आर्थिक ऐन २०७६ आगामी आ.व. २०७७/७८ का लागि आन्तरिक श्रोत तर्फको राजश्व प्रक्षेपण लगायतका विषयमा गरेको निर्णयहरुको अनुमोदनका लागि छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय-६**

माथी उल्लेखित निर्णय २ बमोजिमको लेखा समिति र सुशासन समितिको कार्यप्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि तयार भएको निम्न नियमावलीहरु स्वीकृतीका लागि आगामी छैठौ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क) लेखा समिति संचालन र व्यवस्थापन नियमावली, २०७६

ख) सुशासन समिती संचालन र व्यवस्थापन  नियमावली, २०७६

**निर्णय-७**

यस नगर क्षेत्रमा वैकल्पिक उर्जा उत्पादन गरी यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु लगायत सामुदायिक भवनहरुमा सौर्य प्यानल जडान र नगर क्षेत्रका महत्वपूर्ण स्थानहरुमा सौर्य बत्ति जडान गर्नका लागि आवश्यक निर्णयका लागि आगामी छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय-८**

**"कीर्तिपुर नगरपालिका विद्युतिय नक्सापास कार्यान्वयन आयोजना (KMEBPSIP-1)"** परियोजना र सो परियोजना अन्तर्गत कार्यरत कर्मचारीहरुलाई चालु आ.व २०७६/०७७ को असार मसान्त सम्मका लागि निरन्तरताका लागि उचित निर्णयार्थ आगामी छैठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय-९**

चालु आ.व २०७६/७७ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु संचालन र कार्यान्वयन गर्दा तोकिएको बजेट शीर्षकमा खर्च नभइ  वा घटि बजेटमा काम सम्पन्न भै सो रकम बचत हुन आएको अवस्थामा "**कीर्तिपुर महोत्सव २०२०"** का लागि स्वीकृत बजेटले नपुग हुने अवस्थामा सो शिर्षकमा थप गर्न र अन्य अत्यावश्यक र उपयुक्त योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयनका लागि आवश्यक निर्णयका लागि आगामी  छैठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय -१०**

छिमेकी मित्रराष्ट्र चीनको हुबेई प्रान्तको उहान महानगरपालिका क्षेत्रमा गत दुई महिनादेखि कोरोना भाइरसका कारण सिर्जित समस्या प्रति नगरपालिकाको तर्फबाट दुःख प्रकट गर्दै सो संक्रमणबाट ग्रसित बिरामीहरुको शीघ्र स्वास्थ्यलाभ र निधन भएकाहरुको आत्माको चीरशान्ति तथा कोरोना भाइरस संक्रमणको समस्या छिट्टै नियन्त्रणमा आउन सकोस् भन्ने  कामना गर्ने निर्णय गरियो ।